# राष्ट्रिय मानवअधिकार आयोग

## केन्द्रीय कार्यालय हरिहरभवन, ललितपुर

## पुराना सामानहरुको लिलाम बिक्री सम्बन्धी सूचना

## प्रथम पटक प्रकाशित मिति २०७४/१/२५

यस आयोगमा रहेका पुराना जिन्सी मालसामानहरु जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकाले इन्छुक व्यक्ति, फर्म वा कम्पनीले निम्न शर्तको अधिनमा रही गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्न आव्ह्वान गरिन्छ :-

**शर्तहरु**

१. दरभाउपत्र फारम यस आयोगको केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुरबाट रु.३००/-(पछि फिर्ता नहुने गरी) तिरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको १७:०० बजेसम्म खरिद गर्न सकिने छ । प्राप्त भएका दरभाउपत्रहरु १६ औं दिनको १२:०० बजेसम्म आयोगको केन्द्रीय कार्यालय हरिहरभवन, ललितपुरमा दर्ता हुनुपर्नेछ । सोहि दिनको १३:०० बजे केन्द्रीय कार्यालय, हरिहरभवनमा दरभाउपत्रवाला वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।

२. पुराना जिन्सी मालसामानहरुको न्यूनतम मूल्य रु.८३,५२५/- (भ्याट बाहेक) कायम गरिएको छ । सो मा १३% भ्याट थप लाग्नेछ । उक्त सामानहरुको विस्तृत विवरण दरभाउपत्रमा उल्लेख गरिएको छ । साथै हेर्न चाहेका बखत यस आयोगको भण्डार इकाईमा आई कार्यालय समयभित्र हेर्न सकिने छ ।

३. दरभाउपत्र स्वीकृत भएको ७ दिनभित्र धरौटी रकम कटाई कबोल गरेको बाँकी रकम जम्मा गरी सामानहरु उठाई लैजानु पर्ने छ । तोकिएको समयभित्र रकम जम्मा नगरेमा धरौटी रकम जफत हुनेछ ।

४. परेका दरभाउपत्रहरु स्वीकृत गर्ने या नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

५. यस सूचनामा नपरेका अन्य कुराहरुको हकमा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

६. तोकिएको दिनमा सार्वजनिक विदा परी कार्यालय बन्द रहेमा कार्यालय खुलेको दिन सोहि समयमा नै हुनेछ । अन्य आवश्यक कुरा बुझ्न परेमा कार्यालय समयभित्र आयोगको भण्डार इकाईमा सम्पर्क राख्न सकिने छ ।वा फोन नं. ०१-५०१००१५ भण्डारण इकाइमा सम्पर्क गरी बुझ्न सकिने छ ।